आज मिति २०७९/०८/०७ गतेका दिन दिउँसो १२:०० बजे धनगढी उप-महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठको अध्यक्षतामा महाशाखा, शाखा प्रमुखहरुको बैठक बस्यो जसको उपस्थिती र निर्णय देहाय अनुसार रहेको छ ।

**उपस्थिती**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामलाल श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | श्री गोपाल हमाल | नगर प्रमुख | |
| ३ | श्री कन्दकला कुमारी राना | नगर उप-प्रमुख | |
| ४ | श्री नरेन्द्र बहादुर खाती | उप-सचिव | |
| ५ | श्री सरस्वती जोशी | लेखा अधिकृत | |
| ६ | हरि सिंह साउंद | अधिकृत सातौं | |
| ७ | डा समीर ठाकुर | पशु चिकित्सक | |
| ८ | लोक राज उपाध्याय | कृ. वि. अ. आठौं | |
| ९ | अनिता कुवारेर | अ. वि. अ. आठौं | |
| १० | धुम्मन सिंह वडायक | शाखा अधिकृत | |
| ११ | लोकबर चन्द | शा. अ. | |
| १२ | आनन्ददत्त भट्ट | शिक्षा अधिकृत | |
| १३ | टेक बहादुर विष्ट | सा. वि. अ. | |

| | | | |
|---|---|---|---|
| १४) | भुवन बहादुर शाही | नापी अधिकृत | |
| १५) | वागेश्वर दत्त ओझा | अधिकृत छैठौं<br>भूमिव्यवस्थापन शाखा | |
| १६) | कृष्ण प्रसाद जोशी | अधिकृत स्तर छैठौं<br>(कानुनी शाखा) | |
| १७) | अशोक अवस्थी | वातावरण<br>अधिकृत / RUDP | |
| १८) | चन्द्र बहादुर महरा | रोजगार संयोजक | |
| १९) | अनुप भट्ट | सूचना प्रविधि अधिकृत | |
| २०) | सुरेन्द्र प्रसाद पन्त | तथ्याङ्क अधिकृत | |
| २१) | विश्राम भट्ट | डिइओ | |
| २२) | सुरेन्द्र सिंह ठाकुरी | प्रशासकीय अधिकृत | |
| २३) | डिल्ली राज ओझा | प्र. अ. | |
| २४) | कृपाराज उपाध्याय | शि.वि. नगरप्रहरीको नि. | |
| २५) | नारायण प्रसाद शर्मा | कर्मचारी प्रशासन शाखा | |
| २६) | | | |
| २७) | | | |
| २८) | | | |
| २९) | | | |

**निर्णय नं. १:**

सम्पूर्ण महाशाखा/शाखाहरुले आ.व. ०७८/०७९ को लेखा परिक्षण गर्न आउने महालेखा परिक्षकको डोरमा पेश गर्नका लागि गत विगतको बेरुजु प्रतिवेदनबाट अध्ययन गरी आ-आफ्नो महाशाखा/शाखाले एक हप्ता भित्र प्रमाण संकलन गरि बेरुजु फछ्यौंट गर्ने फारम (अनुसूची) को ढाँचामा तयार गरि आर्थिक प्रशासन शाखामा पठाउने र लेखापरीक्षणको समयमा सम्बन्धित शाखा प्रमुखहरुले कार्यालय नछोड्ने  निर्णय गरियो ।

**निर्णय नं. २:**

शिक्षा, युवा तथा खेलकुद महाशाखाको स्वीकृत वार्षिक कार्ययोजना तथा जिम्मेवारी बमोजिम विभिन्न वडामा रहेका विद्यालयहरु हेर्ने गरी निरीक्षण क्षेत्र तोकिएका सबै अधिकृत कर्मचारीहरुले हरेक महिनाको ४ गते हुने शाखा प्रमुखहरुको बैठकमा अघिल्लो महिना निरीक्षण अनुगमन गरेका विद्यालयहरुको बारेमा प्रस्तुतीकरण गर्ने र प्रतिवेदन नगर प्रमुख र नगर उप-प्रमुख ज्यू समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

संघीय शसर्त अनुदान अन्तर्गत शिक्षा तर्फको माध्यमिक तह (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान सहयोगका लागि गत आ.व. २०७८/०७९ मा छनौट भएका विद्यालयहरुलाई यस आ.व. २०७९/०८० मा कायम गर्ने तर रकम भुक्तानी दिंदा अङ्ग्रेजी, गणित र विज्ञान विषयमध्येबाट नियमानुसार नियुक्त गरी कार्यरत रहेको अवस्थामा मात्र भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिका क्षेत्रभित्र बालश्रमको अवस्था विश्लेशषणका लागि उपयुक्त विधि (छोटो) बाट नक्शाङ्कन गर्ने कार्य सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LIZA) गर्ने कार्य फोकल पर्सनले तत्काल अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको राष्ट्रिय भूमि आयोगले रोकिएको नापनक्सा कार्यका लागि हाल अधुरो भएका वडा नं. ५ र ७ मा नापी कार्य सञ्चालन गर्ने निर्णय गरियो । साथै नापी कार्य सञ्चालनका लागि थप ५ (पाँच) जना प्राविधक र ४ (चार) जना चेनमेन व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

यस कार्यालयका सबै महाशाखा, शाखाहरु, वडा कार्यालय, विभिन्न स्वास्थ्य शाखाहरु लगायत पशुसेवा शाखाहरुका कार्यालय उपकरणहरु (प्रिन्टर, ल्याप्टप, डेस्कटप तथा अन्य उपकरणहरु) नियमित मर्मत गर्न भएको असहजतालाई महसुस गरी यस उप-महानगरपालिका अन्तर्गतका सम्पूर्ण महाशाखा, शाखा, स्वास्थ्य शाखा तथा पशु सेवा शाखाहरुका उपकरणहरुको मर्मतका लागि आवश्यक पर्ने जनशक्ति परामर्श सेवा मार्फत सेवा लिने र सो कार्यका लागि कोटेशन मार्फत उचित फर्मको छनौट गरि सेवा लिने निर्णय गरियो ।

**निर्णय नं. ८:**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयका विभिन्न शाखाहरुबाट खरिद भई वा दातृ निकायहरुको सहयोगमा सञ्चालित विभिन्न किसिमका सफ्टवेयरहरुलाई प्रयोग गर्नका निम्ती मिति २०७९/०५/१३ मा बसेको मा. मन्त्रीस्तरीय निर्णय बमोजिम अनिवार्य रुपमा सोर्सकोड कार्यालयमा सुरक्षित राख्नुपर्ने, सोर्सकोड उपलब्ध नभएको अवस्थामा डेभेलपरलाई जानकारी गराई अनिवार्य रुपमा सोर्सकोडसंकलन गर्ने तर डेभेलपरले सोर्सकोड उपलब्ध गराउन नसक्ने भएमा त्यस्ता सफ्टवेयरहरु ६ महिनाभित्र प्रयोगमा नल्याउने भनी परिपत्र जारी भएकोमा विभिन्न महाशाखा तथाशाखाहरु संग समन्वय गरी सोर्सकोड प्राप्तीका लागि पहल गर्ने र सोर्सकोड प्राप्त गर्न सम्भव नभएमा त्यस्ता सफ्टवेयर सञ्चालनमा रोक लगाउने निर्णय गरियो।

**निर्णय नं. ९:**

यस धनगढी उप-महानगरपालिका कार्यालयका विभिन्न सूचनामूलक सन्देशहरु सम्प्रेषण गर्न तथा जनचेतनामूलक सन्देशहरुलाई प्रसारण गर्नका लागि यस कार्यालयको आफ्नै अफिसियल टिकटक आई डी बनाइएको हुँदा सम्पूर्ण महाशाखा तथा शाखा लगायत वडा कार्यालयहरुबाट समेत तयार गरेका सूचनामूलक सन्देश तथा जानकारीहरु संचार तथा सूचना प्रविधी शाखामा उपलब्ध गराईदिनु भएमा सो जानकारीहरुलाई अपलोड गरि सबैको पहुँचमा पुगाउन सकिने भएकोले जानकारीहरु संचार तथा सूचना प्रविधी शाखमा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०:**

हरेक महिनाको ४ गते हुने महाशाखा/शाखा प्रमुखहरुको बैठकमा सम्बन्धित महाशाखा, शाखा प्रमुखहरुले पावर प्वाइन्टमा प्रतिवेदन प्रस्तुत गर्ने निर्णय गरियो।

